
# उन्नत ग्रामिण सडक निर्माण निर्देशिका, २०८१



## नलगाड नगरपालिका

दल्ली, जाजरकोट

कर्णाली प्रदेश, नेपाल

# बिषयसूची

परिच्छेद १ : प्रारम्भिक........................................................................................१

परिच्छेद २ : आयोजना छनौट, पूर्व सम्भाव्यता तथा सम्भाव्यता अध्ययन एवं डिजाइन सम्बन्धि व्यवस्था ........................................ ३

परिच्छेद ३ : आयोजना निर्माण सम्बन्धी व्यवस्था............................................................................५

परिच्छेद ४ : सार्वजनिक खरिद सम्बन्धी व्यवस्था........................................................................ ११

परिच्छेद ५ : मर्मत सम्भार सम्बन्धी व्यवस्था ............................................................................ ११

परिच्छेद ६ : वातावरणीय व्यवस्थापन सम्बन्धी व्यवस्था ..................................................................१४

परिच्छेद ७ : सुपरिवेक्षण तथा अनुगमन सम्बन्धी व्यवस्था................................................................ १७

परिच्छेद ८ : विविध..................................................................................................१८

अनुसूची १.............................................................................................................१९

अनुसूची २............................................................................................................ २१

# उन्नत ग्रामीण सडक निर्माण निर्देशिका, २०८१

स्वीकृत मिति : ..........................

**प्रस्तावना**

नागरिकको सहभागितामा स्थानीय स्तरमा उन्नत सडक डिजाइन तथा निर्माण सुनिश्चित गर्न, संघीय, प्रादेशिक र स्थानीय सरकारका प्रचलित नीतिलाई थप सहयोग तथा सरलीकरण गर्न, ग्रामीण सडक निर्माणका प्राविधिक (ईन्जिनियरिङ्ग) र वातावरणीय पक्षलाई एकीकृत गरी दिगो तथा जलवायु समानुकूलित (Climate Resilient) सडक निर्माण गर्ने र निर्माणजन्य क्रियाकलापका कारण सिर्जना हुने पहिरोजन्य जोखिम कम तथा नियन्त्रण गर्न र नेपाल सरकारको उन्नत सडक निर्माणका नीतिगत तथा प्राविधिक पक्षलाई कार्यान्वयनमा सहजीकरण गर्न स्थानीय सरकार संचालन ऐन २०७४ दफा ११(ट) बमोजिम नलगाड नगरपालिकाले यो निर्देशिका बनाएको छ ।

## परिच्छेद १ : प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ:** (१) यस निर्देशिकाको नाम "उन्नत ग्रामीण सडक निर्माण निर्देशिका, २०८१" रहेको छ ।

(२) यो निर्देशिका नलगाड नगरपालिकाको कार्यपालिकाले स्वीकृत गरेको मितिदेखि लागू हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा−

(क) "अनुवन्धित" भन्नाले ग्रामीण सडक डिजाईन, निर्माण, सञ्चालन वा मर्मत सम्भार सम्बन्धी कार्य गर्ने सन्दर्भमा उक्त कार्य गर्नको लागि सम्झौता गरिएको वा जिम्मेवारी दिईएको व्यक्ति वा निर्माण व्यवसायी, कम्पनी, उपभोक्ता समिति वा संस्था सम्झनु पर्छ ।

(ख) "आयोजना" भन्नाले नगरपालिका वा सो अन्तर्गतको वडाबाट पूर्ण वा आंशिक लागत साझेदारीमा सञ्चालन हुने वा सञ्चालित ग्रामीण सडक योजना, कार्यक्रम,

आयोजना वा परियोजनालाई सम्झनु पर्छ र सो शब्दले नगरपालिकाबाट स्वीकृत भएका गैरसरकारी संघ संस्था वा अन्य सामुदायिक संस्थाको ग्रामीण सडक योजना, कार्यक्रम, आयोजना वा परियोजना तथा संघ र प्रदेशबाट नगरपालिकामा कार्यान्वयन हुने ग्रामीण सडक योजना समेतलाई जनाउँछ ।

(ग) “उन्नत ग्रामीण सडक” भन्नाले वातावरणमैत्री, जलवायु समानुकूलित, जीवट (Resilient), ज्यामितीय मापदण्ड पालन भएको र आवश्यक सुरक्षा संरचनायुक्त सडकलाई जनाउँछ ।

(घ) “उपभोक्ता” भन्नाले आयोजनाबाट प्रत्यक्ष लाभान्वित हुने आयोजना सञ्चालन हुने क्षेत्र भित्रका व्यक्तिलाई जनाउँछ ।

(ङ) “उपभोक्ता समिति” भन्नाले आयोजना निर्माण, सञ्चालन, व्यवस्थापन र मर्मत सम्भार गर्नको लागि उपभोक्ताले आफू मध्येबाट गठन गरेको समिति सम्झनु पर्छ ।

(च) “कार्यपालिका” भन्नाले नलगाड नगरपालिकाको कार्यपालिका सम्झनु पर्छ ।

(छ) “नगरपालिका” भन्नाले नलगाड नगरपालिका सम्झनु पर्छ ।

(ज) “भारी यन्त्र तथा उपकरण” भन्नाले वातावरणलाई अत्याधिक ह्रास पुर्याउने प्रकृतिका बुलडोजर, एस्काभेटर जस्ता ठूला मेशिनरी, यन्त्र वा उपकरण र श्रममूलक प्रविधिलाई विस्थापित गर्ने मेशिनरी, यन्त्र वा उपकरण समेतलाई जनाउँछ ।

(झ) “श्रममूलक प्रविधि” भन्नाले स्थानीय निर्माण सामग्री, कोदालो, बन्चरो, फरुवा, गैती, घन, गल, बाउसो, साबेल, कुटो, हँसिया, ठेलागाडाको प्रयोग गरी मानवश्रमबाट गरिने सडक निर्माण सम्झनु पर्छ ।

(ञ) “सम्झौता” भन्नाले आयोजना निर्माण, सञ्चालन, व्यवस्थापन र मर्मत सम्भार गर्नका लागि कार्यालय र उपभोक्ता समिति वा निर्माण व्यवसायी बीच भएको लिखित करारनामा वा कबुलियतनामालाई समेत जनाउँछ ।

(ट) “सरोकारवाला” भन्नाले नगरपालिका, विषयगत कार्यालय, वडा कार्यालय, ग्रामीण सडक निर्माण वा मर्मत संभार कार्यसँग सम्बन्धित उपभोक्ता समिति, स्थानीय संघ संस्था, समूह आदिलाई जनाउँछ ।

(ठ) “सार्वजनिक खरिद” भन्नाले नगरपालिकाले ग्रामीण सडक निर्माण गर्ने क्रममा खरिद गर्ने मालसामान, सेवा वा अन्य सेवा प्राप्त गर्ने वा कुनै निर्माण कार्य गर्ने वा गराउने कार्य सम्झनु पर्छ ।

## परिच्छेद २ : आयोजना छनौट, पूर्व सम्भाव्यता तथा सम्भाव्यता अध्ययन एवं डिजाइन सम्बन्धि व्यवस्था

**३. आयोजना छनौट :** (१) आयोजनाहरु सहभागितात्मक योजना तर्जुमा विधि, पद्यति र प्रकृयाबाट (वार्षिक योजना तर्जुमाका सात चरण पारगरी) प्राथमिकता निर्धारण भई आएको हुनु पर्दछ।

(२) आयोजनाहरूको कार्यान्वयन अमानत, निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत गर्न सकिने छ ।

**४. पूर्व सम्भाव्यता तथा सम्भाव्यता अध्ययन गर्नु पर्ने :** (१) आयोजनाको विस्तृत सर्वेक्षण हुनु अगावै सम्भाव्यता अध्ययन गर्नु पर्नेछ ।

(२) पचास लाख रुपैयाँ वा सो भन्दा बढि लागतका आयोजनाका हकमा गाउँ सभाबाट स्वीकृत हुनु अगावै थप पूर्व सम्भाव्यता अध्ययन समेत गर्नु पर्नेछ ।

(३) पूर्व सम्भाव्यता अध्ययन गर्न कार्यपालिकाले आवश्यक बजेट, न्यूनतम एक प्राविधिक र सामाजिक विज्ञको परिचालन गर्नु पर्नेछ भने सम्भाव्यता अध्ययनमा भूगर्भविद् पनि परिचालन गर्नु पर्नेछ ।

(४) उपदफा (१) (२) र (३) बमोजिम पूर्व सम्भाव्यता तथा सम्भाव्यता अध्ययन गरिसकेपछि सम्भाव्य आयोजनाको मात्र विस्तृत सर्वेक्षण गर्नु पर्नेछ ।

**५. सम्भाव्यता अध्ययन गर्दा अपनाउनु पर्ने कार्यविधि :** ग्रामीण सडकको सम्भाव्यता अध्ययन गर्दा उक्त निर्माण गरिने ग्रामीण सडक बढी भन्दा बढी वातावरण मैत्री एवं दिगो

होस् भन्ने सुनिश्चित गर्नका लागि देहायका विषयवस्तुमा केन्द्रित भई सम्भाव्यता अध्ययन गर्नु पर्नेछ :-

(क) स्थानीय समुदायको विद्यमान सामाजिक/आर्थिक अवस्था

(ख) स्थानीय भूगोल तथा भौगर्भिक पक्षहरूको लेखाजोखा

(ग) प्राविधिक अध्ययन (सम्बन्धित ईञ्जिनियरिङ्ग मानक/निर्देशिकाको अध्ययन, फिल्ड सर्वेक्षण, ट्राफिक अध्ययन, वैकल्पिक सडक मार्गको छनौट, लागत लाभ विश्लेषण)

(घ) सामाजिक तथा वातावरणीय प्रभावको विश्लेषण

(ङ) भौगर्भिक, ईञ्जिनियरिङ्ग तथा वातावरणीय दृष्टिकोणबाट सबैभन्दा उपयुक्त सडक मार्गको छनौट

**६. सडकको विस्तृत सर्वेक्षण र डिजाईन गर्दा अपनाउनु पर्ने कार्यविधि :** (१) न्यूनतम एब्नी लेवल (Abney Level) वा क्लीनोमिटर (Clinometer) जस्ता उपकरणहरुको प्रयोग गरी आयोजनाको विस्तृत सर्वेक्षण गर्नु पर्नेछ र उक्त कार्यमा टोटल स्टेसन (Total Station), थिओडोलाईट (Theodolite) जस्ता उपकरणको प्रयोगलाई क्रमशः उपयोग गर्नु पर्नेछ ।

(२) सडकको रेखाङ्कन निर्धारण गर्दा तुलनात्मक रुपमा वातावरणीय क्षति कम भन्दा कम हुने, बढी भन्दा बढी बलियो हुने, बढी भन्दा बढी टोल, समुदाय तथा उपभोक्तालाई लाभ दिने, स्थानीय स्तरमा सामाजिक र आर्थिक क्रियाकलाप अभिवृद्धि गर्न सहयोग गर्ने, तुलनात्मक रुपमा छोटो र कम लागत लाग्ने एवं ग्रामीण सडकका न्यूनतम ईन्जिनियरिङ्ग मापदण्ड कायम हुने गरी रेखाङ्कन गर्नु पर्नेछ ।

(३) ग्रामीण सडकका उपभोक्ता र सरोकारवाला पक्ष सँग वातावरणीय प्रभावका बारे व्यापक छलफल गरी ग्रामीण सडक निर्माणबाट वातावरणमा पर्न सक्ने क्षति कम गर्न रोकथाममूलक उपायको खोजी तथा निर्धारण गरी विस्तृत सर्वेक्षण तथा डिजाइनमा समावेश गर्नु पर्नेछ ।

(४) ग्रामीण सडकको रेखाङ्कन गर्दा सडकको ज्यामितीय मापदण्ड अनुसार मात्र सडकको रेखाङ्कन गरी बर्षैभरी पानी जमिरहने वा पानीको प्रवाह हुने ठाँउ छलेर उपयुक्त सडक मार्गको चयन गर्नु पर्नेछ ।

(५) ग्रामीण सडकको डिजाइन तथा लागत अनुमान तयारी र स्वीकृत गर्नुपूर्व सडकको विस्तृत सर्वेक्षण गर्दा पानी निकास तथा पहिरो नियन्त्रणका संरचना तथा आवश्यक सुरक्षात्मक उपाय चाहिने वा नचाइने निक्र्यौल गर्नु पर्नेछ, त्यस्ता संरचना वा उपाय आवश्यक पर्ने ग्रामीण सडक खण्डका लागि उक्त संरचना अनिवार्य संलग्न गरेर मात्र डिजाइन तथा लागत अनुमान तयारी र स्वीकृत गर्नु पर्नेछ ।

(६) उपदफा (५) बमोजिमका पानी निकास तथा पहिरो नियन्त्रणका संरचना तथा आवश्यक सुरक्षात्मक उपायको परिमाण अनुमान गर्दा सडक र सडकको अधिकार क्षेत्रको सुरक्षा हुनेगरि परिमाण र लागत अनुमान तयार गर्नु पर्नेछ ।

(७) ग्रामीण सडकको रेखाङ्कन छनौट तथा डिजाइन तयार गर्दा अनूसुची-१ मा उल्लेख भए बमोजिम नेपाल ग्रामीण सडक मापदण्ड २०५५ (दोश्रो संशोधन २०७१) अनुरूप गर्नु पर्नेछ ।

(८) नगरपालिकाका तर्फबाट तयार गरिने ग्रामीण सडकको प्राविधिक डिजाइन, नक्शा तथा लागत अनुमान नेपाली भाषामा हुनुपर्नेछ ।

## परिच्छेद ३ : आयोजना निर्माण सम्बन्धी व्यवस्था

**७. प्राविधिकबाट स्वीकृत रेखाङ्कन अनुसार सडक निर्माण गर्नु पर्ने** (१) ग्रामीण सडक निर्माण गर्दा सम्वन्धित प्राविधिकबाट सिफारिस भएको र कार्यपालिकाबाट स्वीकृत रेखाङ्कन अनुसार मात्र निर्माण गर्नु पर्नेछ ।

**८. उन्नत सडक निर्माणका लागि निर्माणकर्ताको भूमिका र जिम्मेवारी :** प्रचलित नियम कानुन सम्मत सम्झौता बमोजिमका काम सम्पन्न गर्नुका अतिरिक्त उन्नत सडक निर्माण सम्वन्धमा उपभोक्ता समिति वा अन्य अनुवन्धित निर्माणकर्ताको भूमिका र जिम्मेवारी देहाय बमोजिमको हुनेछ :-

(क) उपलब्ध स्थानीय स्रोत तथा सामग्रीको प्रयोगमा जोड दिनु पर्ने,

(ख) श्रममैत्री प्रविधि तथा उपकरणलाई प्राथमिकता दिई स्थानीय रोजगारी बढाउन मद्दत गर्ने,

(ग) भारी यन्त्र तथा उपकरणको प्रयोगलाई विज्ञ प्राविधिकको सल्लाह बमोजिम अति आवश्यक ठाउँमा सिमित मात्रामा मात्र प्रयोग गर्नु पर्ने,

(घ) पानीको उचित निकास गर्न सडकको कटान कार्य गर्दाका समयमै नाली, कजवे, कल्भर्ट जस्ता संरचना अनिवार्य बनाउनु पर्ने,

(ङ) सडक सुरक्षा कायम गर्न सम्भावित जोखिमयुक्त क्षेत्रको पहिचान गरी सडक प्रयोगकर्तालाई सुसुचित गर्न त्यस्ता ठाउँमा ट्राफिक चिन्ह जडान गर्नु पर्ने,

(च) माटो, ढुङ्गा, ड्रम, प्लाष्टिकजन्य सामग्री जस्ता सडक निर्माणको क्रममा जम्मा भएका र उपयोग नहुने सामग्रीलाई पानीका मुहान तथा प्राकृतिक निकास, कृषि भूमि र सडकको उपयोगमा क्षति नपुग्ने गरी व्यवस्थापन गर्नु पर्ने,

(छ) सडक निर्माण गर्दा माटोको अत्यधिक कटानलाई कम गरी कटाई र पुराई बीच सन्तुलन कायम गर्ने,

(ज) सडक निर्माणको बेला निस्किएका माटो, गिट्टी, ढुङ्गाबाट पानीका स्रोत, वनस्पति वा खेतीयोग्य जमिनमा नकारात्मक असर हुन नदिन त्यस्ता सामग्री सडकको निर्माण कार्यमै प्रयोग गर्ने,

(झ) सडक आसपासका पहिरो अथवा भू–क्षय कम गर्न तथा नियन्त्रण गर्न बायो–इन्जिनियरिङ्ग विधिको व्यापक प्रयोग गर्ने,

(ञ) भूक्षय, पहिरो र पानीबाट सडकलाई बचाउन टेवा पर्खाल, नाली, कजवे आदिको प्रावधान सहित स्थानीय प्रजातिको वोटविरुवा, घाँस, झारपातको प्रयोग गर्ने वा लगाउने र उक्त ठाँउ वरपर खुला तथा छाडा चरिचरण हुन नदिने,

(ट) वातावरणीय व्यवस्थापन योजनाको तर्जुमा तथा कार्यान्वयन गर्ने,

(ठ) कार्यपालिकाले तोकेको अन्य कार्य तथा सम्वन्धित अन्य आवश्यक कार्य गर्ने गराउने ।

**९. उन्नत सडक निर्माणमा नगरपालिकाले ध्यान दिनु पर्ने कुराहरु :** उन्नत सडक निर्माणका लागि नगरपालिकाले निम्न कुराहरुमा ध्यान दिनु पर्दछ ।

(क) ग्रामीण सडकको छनोट, सम्भाव्यता अध्ययन, विस्तृत सर्वेक्षण र डिजाईन गर्दादेखिनै कृषि भूमि, भिरपाखो, वनजङ्गल, पानीका स्रोत, नदी, खोला, ताल, सिमसार, जलचर तथा मठमन्दिर, पाटिपौवा जस्ता ऐतिहासिक सम्पदामा न्यूनतम प्रतिकुल असर हुने गरि ग्रामीण सडकको सम्भाव्यता अध्ययन, विस्तृत सर्वेक्षण र डिजाईन तथा निर्माण गर्ने, गराउने,

(ख) स्थानीय ज्ञान, सिप तथा उपलब्ध स्थानीय स्रोत तथा सामग्रीको प्रयोगलाई प्राथमिकता दिनु पर्ने,

(ग) श्रममैत्री प्रविधि तथा उपकरणलाई प्राथमिकता दिई ग्रामीण सडक निर्माण गर्ने, गराउने,

(घ) भू–क्षय, पहिरो र पानीबाट सडकलाई बचाउन टेवा पर्खाल, नाली, आदिको प्रावधान सहित स्थानीय प्रजातिका बोटबिरुवा, घाँस,झारपातको प्रयोग जस्ता वायो–इन्जिनियरिङ्ग प्रविधिको उपयोग सुनिश्चित गर्ने,

(ङ) सडक सुरक्षा कायम गर्न सम्भावित जोखिमयुक्त क्षेत्रमा ट्राफिक चिन्हको जडान सुनिश्चित गर्ने,

(च) सडक आसपासको क्षेत्रलाई सुरक्षित, हरियाली बनाउन तथा धुलो, धुवाँ र ध्वनी प्रदुषणबाट बचाउन सडक हरित क्षेत्रको अवधारणाको आधारमा सडक निर्माण गराउने,

(छ) भविष्यको सडक बिस्तारको आवश्यकतालाई ध्यान दिई सडकको क्षेत्राधिकार निर्धारण गर्ने र सो क्षेत्रमा अन्य पूर्वाधार निर्माण गर्न नदिने,

(ज) पानी निकासका संरचना सहितको सडक मात्र निर्माण गर्ने,

(झ) वातावरणीय व्यवस्थापन योजनाको तर्जुमा र कार्यान्वयन सुनिश्चित गर्ने,

(ञ) बार्षिक सडक मर्मत सम्भार योजना (Annual Road Maintenance Plan) बनाई सडकको नियमित मर्मत सम्भार गर्ने, गराउने,

(ट) स्थानीय रोजगारीको प्रवद्र्धन गर्ने,

(ठ) मापदण्ड विपरित ग्रामीण सडक निर्माण गर्ने निर्माणकर्तालाई कार्यपालिकाले कालो सूचिमा राख्न सक्ने र यस्तो निर्माण कार्यको भुक्तानी दिन कार्यपालिका वाध्य नहुने,

(ड) ग्रामीण सडकको वातावरणमैत्री डिजाईन, निर्माण, सञ्चालन तथा मर्मत सम्भार सुनिश्चित गर्न आवश्यक अन्य कार्य गर्ने र गराउने ।

(ढ) उपभोक्ताहरुलाई प्राविधिक सहयोग सहज तरिकाले समयमै उपलब्ध गराउने ।

(ण) योजना सम्पन्न भए पश्चात सहज तरिकाले प्राविधिक मुल्याङ्कन र विल अनुसारको रकम भूक्तानी गराउने ।

(त) आयोजनाको संचालन तथा कार्यान्वयन यथासम्भव आर्थिक बर्षको प्रारम्भमानै गर्ने ।

(थ) ग्रामिण सडक निमाण गर्दा प्राविधिक अध्ययन, लागत अनुमानको आधारमा बहुबर्षिय क्रमागत योजनाहरु संचालन गर्ने कार्यलाई प्राथमिकता दिने ।

(द) नदि खोला तथा खहरेखोलाका बासिन्दाहरुलाई अनिवार्यरुपमा नदि नियन्त्रण सम्बन्धि तालिमको व्यवस्था गर्ने ।

(ध) सडक प्रति उपभोक्ताहरुको अपनत्व बृद्धिका लागि एक घर एक सुरक्षित श्रमदानको अवधारणा लागू गर्दै लैजाने ।

(न) सार्वजनिक, निती साझेदारी अवधारणा अनुसार ७०% र ३०% को अनुपातमा सडक निर्माण निती लागु गर्दै लैजाने ।

(प) ग्रामिण सडकहरुलाई प्रयोजनका आधारमा प्राथमिकीकरण गरि मर्मत सम्भार गर्ने ।

(फ) भौगोलिक अवस्थाको बारेमा अध्ययन, माटोको परिक्षण पछि मात्रसडक निर्माण आयोजना सञ्चालन गर्ने ।

(ब) सडक निर्माण कार्य सम्पन्न पश्चात वृक्षरोपण कार्यलाई अनिवार्य गराउने ।

**१०. उपभोक्ता समिति गठन प्रकृया :** उपभोक्ता समितिको गठन देहाय बमोजिम गर्नु पर्दछ ।

(क) आयोजनाबाट प्रत्यक्ष लाभान्वीत हुने उपभोक्ताहरुको आम भेलाबाट अधिकतम सहभागितामा सम्बन्धीत आयोजना स्थलमा नै (७ देखि ११) सदस्यीय समावेशी समानुपातिक सिद्धान्तको आधारमा (३३% महिला सदस्य) समितिको मूख्य ३ पदहरु अध्यक्ष, सचिव र कोषाध्यक्ष मध्ये कम्तीमा एकजना महिला पदाधिकारीको ब्यवस्था सहित उपभोक्ता समिति गठन गर्नु पर्नेछ ।

ख) समिति गठनको लागि आम भेला हुने समय, मिति, स्थान र भेलाको विषय त्यस्तो भेला हुने मितिले कम्तीमा ७ दिन अगावै सार्वजनिकरुपमा जानकारी गराउनु पर्दछ ।

ग) उपभोक्ता समिति सम्बन्धी अन्य ब्यवस्था सम्बन्धीत स्थानीय तहको उपभोक्ता समिति गठन, परिचालन र ब्यवस्थापन सम्बन्धी कार्यविधि अनुसार हुनेछ ।

**११. उपभोक्ता समितिलाई अभिमुखिकरण गर्नु पर्ने :** (१) कार्यपालिकाको कार्यालयले सम्बन्धित प्राविधिकबाट सडकको नक्सा, डिजाईन, लागत अनुमान, गुणस्तर, प्रयोग हुने सामग्री तथा औजार, पानी निकास, पहिरो नियन्त्रण तथा आवश्यक सुरक्षा संरचनाको बारेमा सडक निर्माण गर्ने पक्ष, उपभोक्ता समिति तथा सडक निर्माण गर्ने कामदारलाई  अभिमुखिकरण गर्नु पर्नेछ ।

(२) उपदफा  (१) बमोजिम उपभोक्ता समितिका पदाधिकारी, सदस्य तथा उपभोक्तालाई आयोजनाको कार्यान्वयन अगावै  देहायका विषयवस्तुमा अभिमुखिकरण गर्नु पर्नेछ :-

(क)  उन्नत सडक निर्माणका लागि उपभोक्ता समितिको भूमिका र जिम्मेवारी,

(ख) सम्पादन गर्नुपर्ने कामको विवरण, आवश्यक गुणस्तर, काम सम्पन्न गर्नुपर्ने अवधि, लागत र उपभोक्ताको योगदान,

(ग) निर्माण कार्यको विधि तथा निर्माण कार्यमा प्रयोग हुने सामग्रीको गुणस्तर र परिमाण

(घ) पानी निकास, पहिरो नियन्त्रण तथा आवश्यक सुरक्षा संरचना, वायो–इन्जिनियरिङ्ग प्रविधिको उपयोग,

(ङ) दफा ८ मा उल्लेख भएका कर्तव्यको पालना र उक्त विषयवस्तुको अवलम्वन तथा कार्यान्वयन,

(च) अन्य आवश्यक विषय ।

**१२. नाली, कजवे, कल्भर्ट आदि निर्माण गर्दा ध्यान दिनु पर्ने :** (१) सडक निर्माण गर्दा सडक आसपासमा बग्ने पानीको उचित व्यवस्थापनको लागि नाली, कजवे, कल्भर्ट जस्ता संरचनाको प्रभावकारी व्यवस्था गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम पानी निकास गर्न वनाईएका संरचनाले सो ठाउँमा रहेका खोल्सी, खहरे, झरना जस्ता पानीका प्राकृतिक निकासलाई बाधा नहुने र स्थिर भू–भागबाट पानीको निकास हुने प्रबन्ध गर्नु पर्नेछ ।

**१३. उपभोक्ता समितिले विवरण बुझाउनु पर्ने:** स् (१) उपभोक्ता समितिले काम सम्पन्न गरिसकेपछि बाँकी रहन गएका खप्ने सामानहरू मर्मत सम्भार समितिलाई बुझाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम उपभोक्ता समितिले मर्मत सम्भार समितिलाई बुझाएको सामानको मर्मत सम्भार समितिका सदस्य तथा पदाधिकारीले सहि छाप गरेको विवरणको एक प्रति सम्बन्धित कार्यालयलाई जानकारीको लागि बुझाउनु पर्नेछ ।

## परिच्छेद ४ : सार्वजनिक खरिद सम्बन्धी व्यवस्था

**१४. सार्वजनिक खरिदको प्रकृया अवलम्बन गर्नु पर्ने :** नगरपालिकाले उन्नत सडक निर्माण गर्दा प्रचलित कानुन बमोजिम पालना गर्नु पर्ने प्रकृया, स्थानीय तह सार्वजनिक खरिद नियमावलीको साथै निम्न प्रक्रियाहरु अवलम्बन गर्नेछ :-

(क) नगरपालिकाले गुणस्तरीय, वातावरणमैत्री तथा दीगो ग्रामीण सडक निर्माण गर्दा उन्नत सडकको लागि आवश्यक आधारभूत मापदण्ड समेटिने गरि उपभोक्ता समिति गठन गर्नु पर्दछ ।

(ख) उपभोक्ता समितिको आधारभूत दक्षताः (१) सम्वन्धित विषय र कार्यको वारेमा राम्रो जानकारी प्राप्त भएको, अनुभवी तथा दक्ष कामदारहरुलाई परिचालन गर्न सक्ने,

(२) उन्नत सडक निर्माणको विविध आयाम, ज्यामितीय मापदण्ड, जोखिम न्यूनीकरण सम्बन्धी व्यबहारिक ज्ञान, स्थानीय निर्माण सामग्रीको गुणस्तर पहिचान र प्रयोग आदि मापदण्डको बिश्लेषण गरी कार्य गर्न सक्ने,

(ग) उपभोक्ता समिति निर्माणमा उल्लेखित मापदण्ड पूरा नभएमा स्थानीय सरकारको प्रचलित नियम व्यवस्थाका आधारमा आयोजना कार्यान्वयनको खरिद प्रकृया अनुसार गर्ने ।

## परिच्छेद ५ : मर्मत सम्भार सम्बन्धी व्यवस्था

१५. मर्मत सम्भारका क्रियाकलाप गर्नु पर्ने : (१) कार्यपालिका तथा उपभोक्ता समितिले ग्रामीण सडक आयोजनाबाट प्राप्त हुने लाभ र दीगोपना सुनिश्चित गर्न तथा ग्रामीण सडकको गुणस्तर कायम गर्न मर्मत सम्भारका कार्य गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम ग्रामीण सडकको मर्मत सम्भार गर्नका लागि कार्यपालिकाले मर्मत सम्भार विशेष कोषको स्थापना गरी आवश्यक स्रोत जुटाउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको मर्मत सम्भार विशेष कोषका लागि निम्नानुसारको स्रोतबाट रकम विनियोजन गर्नु पर्नेछ ।

(क) वार्षिक योजना तर्जुमा गर्ने क्रममा आन्तरिक तथा केन्द्रिय अनुदान अन्तर्गत पूर्वाधार विकासका हरेक क्षेत्रको लागि गरिने कूल वार्षिक विनियोजनको बिस प्रतिशतमा नघट्ने गरी मर्मत सम्भारका लागि एकमुष्ठ रकम ।

(ख) परियोजना वा अन्य निकायको सहयोगमा कार्यान्वयन हुने योजनाको हकमा ती निकायले मर्मत सम्भारका लागि उपलब्ध गराएको रकम ।

(ग) केन्द्र वा प्रदेश सरकार वा अन्य निकायले उपलब्ध गराएको मर्मत सम्भार वापतको एकमुष्ठ रकम ।

(४) उपदफा (३) बमोजिम मर्मत सम्भार विशेष कोषमा जम्मा भएको रकम ग्रामीण सडक मर्मत सम्भारका लागी खर्च गर्न कार्यपालिकाले मर्मत सम्भार कोष सञ्चालन कार्यविधि बनाई लागु गर्नेछ ।

(५) उपदफा (४) बमोजिम मर्मत संभार विशेष कोषमा जम्मा भएको रकम सडक मर्मत सम्भारका लागि खर्च गर्दा बार्षिक सडक मर्मत सम्भार योजना (Annual Road Maintainance Plan) बनाएर सोको प्राथमिकताका आधारमा मात्र गर्नु पर्नेछ ।

(६) उपदफा (४) बमोजिमको मर्मत सम्भारका क्रियाकलाप गर्दा अनूसुची-२ मा उल्लेख भए बमोजिम ग्रामीण सडक मर्मत–सम्भार निर्देशिका २०६४ अनुरुप गर्नु पर्नेछ ।

**१६. मर्मत सम्भार समिति गठन :** (१) आयोजना कार्यान्वयनको बखत गठन भएको उपभोक्ता समिति आयोजना सम्पन्न गरि फरफारक र बर बुझारथ भैसकेपछि स्वतः मर्मत सम्भार समितिमा परिणत हुनेछ र मर्मत सम्भार समितिको रूपमा कार्य गर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नगरपालिकाले आयोजनाको दीगो संचालन, उपयोग र मर्मत सम्भार गर्ने प्रयोजनका लागि गाँउपालिका तथा वडा स्तरमा छुट्टै मर्मत सम्भार समिति गठन र मर्मत सम्भारका लागि परिचालन गर्न सक्नेछ ।

(३) मर्मत सम्भार समितिले सरोकारवाला निकायसँग समन्वय गरी आयोजनाको दिगो सञ्चालन तथा मर्मत सम्भारको व्यवस्था गर्नु पर्नेछ ।

**१७. मर्मत सम्भार समितिको भूमिका :** मर्मत सम्भार समितिको भूमिका देहाय बमोजिम हुनेछ:

(क) ग्रामीण सडक आसपासका उपभोक्तालाई सुरक्षित र सुलभ तरिकाले आवतजावत गराउन नियमित तथा अन्य अत्यावश्यक मर्मत सम्भारका क्रियाकलाप गरी सडक दीगो रुपमा संचालन गर्ने,

(ख) उपभोक्ताको सहभागितामा नियमित मर्मत सम्भारका क्रियाकलाप संचालन गर्ने,

(ग) सडकको पानीलाई प्रभावकारी निकास गर्न वनाईएका नाली, कजवे, कल्भर्ट जस्ता संरचना र सडकका अन्य संरचनाहरुको नियमित सरसफाई र मर्मत सम्भार गर्ने,

(घ) उपभोक्ता मध्येवाट योग्य व्यक्तिलाई ग्रामीण सडक मर्मत सम्भार कार्यकर्ता छनौट गरी प्राविधिक तालिमको व्यवस्था गर्ने, उक्त मर्मत सम्भार कार्यकर्तालाई मर्मत सम्भार कोषबाट ब्यहोरिने गरि परिचालन गर्ने ।

(ङ) स्थानीय उपभोक्ता र मर्मत सम्भार कार्यकर्ताको क्षमता भन्दा बाहिरको प्राविधिक कामको लागि नगरपालिका तथा अन्य सरोकारवाला निकायहरुको सहयोगको लागी समन्वय गर्ने,

(च) ग्रामीण सडकको दीगो उपयोग, सडक आसपासका पहिरो नियन्त्रण, वातावरणीय सरसफाई, आयोजनाको लक्ष्य वारे उपभोक्तालाई जानकारी गराउने, चेतना अभिबृद्धि गर्ने र यसका लागि आवश्यक जनसहभागिता जुटाउने,

(छ) मर्मत सम्भार कार्य गर्दा वातावरणमैत्री तथा श्रममुलक प्रविधि अवलम्वन गर्ने,

(ज) अन्य आवश्यक कार्य गर्ने ।

## परिच्छेद ६ : वातावरणीय व्यवस्थापन सम्बन्धी व्यवस्था

**१८. सडक निर्माणका क्रममा वातावरणीय व्यवस्थापन गर्नु पर्ने :** ग्रामीण सडक निर्माण गर्दा वातावरणमा पर्न सक्ने प्रतिकूल प्रभाव न्युनीकरण गर्ने, वातावरण सन्तुलनमा पर्न सक्ने जोखिम र दवावलाई कम गर्न, सडक आसपासको भिरपाखोमा पहिरो जान नदिन, जलीय श्रोत र साधन तथा जलीय जैविक विविधता संरक्षण तथा सकारात्मक प्रभावको अभिवृद्धि गर्न नगरपालिकाले वातावरणीय व्यवस्थापन योजनाको तर्जुमा तथा कार्यान्वयन लगायत सम्बन्धीत अन्य आवश्यक कार्य गर्नु पर्नेछ ।

**१९. वातावरण व्यवस्थापन योजना तर्जुमा गर्नु पर्ने :** कार्यपालिकाले प्रत्येक सडक परियोजनामा कम्तीमा देहायका विषयवस्तु समावेश गरि वातावरण व्यवस्थापन योजना तर्जुमा तथा कार्यान्वयन गर्नु पर्नेछ :

(क) वन र वनस्पति

(१) सडक रेखांकन, निर्माण र मर्मत सम्भार गर्दा लोपोन्मुख तथा संकटमा परेका प्रजातिका रुख, विरुवा, बनस्पति तथा जडिबुटीको विशेष सुरक्षा र संरक्षण गर्ने ।

(२) खुला क्षेत्रमा विरुवा रोप्नु पर्ने तथा खुला र अस्थिर भू–भाग भएको भिरालो क्षेत्रमा जैविक प्रविधि (वायो–ईन्जिनियरिङ्ग) को प्रयोग गरी भू–क्षय, पहिरो र कटान कम गर्ने प्रावधानलाई लागू गर्ने ।

(३) सडक निर्माण गर्दा काटेको रुखको सट्टामा त्यसको क्षतिपूर्ति बापत तीन गुणा बढी विरुवाहरु वृक्षारोपण गर्ने प्राबधानलाई अनिवार्य लागू गर्ने ।

(४) धुलो र ध्वनी प्रदुषणको असरलाई कम गर्न सडक किनारामा वृक्षारोपण गर्न प्रोत्साहन गर्ने ।

(५) वृक्षारोपणको क्रममा विरुवाको प्रजाति छनौट गर्दा भौगोलिक र जलवायु अनुकूल हुने गरी स्थानीय प्रजाति छनौट गर्ने ।

(६) सडक पहुँचको कारण गैर कानुनी रुपले वन फडानी र वन क्षेत्रको अतिक्रमण हुने हुँदा खाना पकाउन तथा अन्य दैनिक प्रयोगको लागि दाउराको सट्टा अन्य वैकल्पिक ऊर्जा स्रोतको प्रयोगलाई प्रवर्धन गर्ने ।

(ख) पानीको प्राकृतिक स्रोतको व्यवस्थापन

(१) पानीका मूहान पहिचान गरी यस्लाई प्रतिकुल असर नपर्ने गरी सडक निर्माण गर्ने ।

(२) सडक आसपासका पानीका मूहानको संरक्षण गर्ने ।

(३) यस्ता मूहानबाट बग्ने पानीलाई सुरक्षित निकास गर्ने ।

(ग) वन्यजन्तु र तिनको वासस्थान

(१) सडक निर्माण र मर्मत सम्भार गर्दा संकटापन्न वा संकटासन्न प्रजातिका माछा लगायत अन्य जलचर तथा बन्यजन्तु वा संरक्षित बन्यजन्तुको विशेष सुरक्षा र संरक्षण गर्ने ।

(२) वन्यजन्तुका आवास क्षेत्रमा सकभर बाधा नपर्ने गरी सडक मार्ग रेखा छनौट (Alignment Selection) र निर्माण गर्ने ।

(३) वन्यजन्तुको वासस्थान भएर जाने सडकमा सो क्षेत्रको संवेदनशीलता बारे यात्री तथा सवारी चालकलाई सूचित गर्न सूचना पाटी र सवारीसाधनको गति कम गर्न गतिरोधक संरचना जडान/निर्माण गर्ने ।

(घ) जलचर तथा जलीय जैविक विविधता

(१) निर्माणस्थल वा सडक छेउबाट निस्कने रसायन तथा तेल चुहेको फोहर पानी प्रशोधन गरेर मात्र नदीमा मिसाउने ।

(२) नदीको पानी प्रदुषित गर्ने, अव्यवस्थित रुपमा नदीको पानी प्रयोग गर्ने, नदीमा बिष वा बिद्युत प्रवाह गरी माछा मार्ने क्रियाकलापले पानीमा आस्रित

जीवको बासस्थान क्षय भई उक्त जीव सदाकालका लागि नाश हुन सक्ने हुँदा यस्ता क्रियाकलापलाई नियन्त्रण गर्ने ।

(ङ) नदीको प्राकृतिक बहाव

(१) निर्माण कार्यको लागि अत्याधिक ढुङ्गा, गिट्टी र वालुवा झिक्ने कार्यलाइ नियन्त्रण गर्ने र नदी तटको संरक्षण गर्ने ।

(२) कुडाकर्कट र निर्माण सामग्री नदीमा जथाभावी फ्याक्ने कार्यले नदीमा प्रदुषण बढ्ने र यसको प्राकृतिक बहाव समेत परिवर्तन हुने हुँदा उक्त कार्यलाई नियन्त्रण गर्ने ।

(च) हावा तथा ध्वनी

(१) ध्वनी र धुलोलाई कम गर्न सडक किनारामा वृक्षारोपण कार्यलाई प्रोत्साहन गर्ने ।

(२) व्यस्त ग्रामीण सडकमा उपभोक्ता वा स्थानीय सरकारले नियमित रुपमा पानीको प्रयोग वा यस्तै अन्य उपाय गरी धुलो नियन्त्रण गर्न प्रोत्साहन गर्ने ।

(छ) ठोस फोहोर व्यवस्थापन

(१) फोहरलाई नियमित रुपमा सङ्कलन र व्यवस्थापन गर्ने संयन्त्रको विकास गर्ने ।

(२) फोहरलाई पुनः प्रयोग र प्रशोधन सिद्धान्त अपनाएर फोहर उत्पादनलाई न्यूनीकरण गर्ने ।

**२०. उन्नत सडक निर्माण कार्यमा पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखाको भूमिका**: (१) नगरपालिकाको विद्यमान संगठनात्मक संरचनामा रहेको पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखालाई वातावरणमैत्री सडक निर्माणमा थप क्रियाशील बनाउनका लागि नगरपालिकाले उक्त संरचनाबाट कम्तिमा एक जना कर्मचारीलाई वातावरण विशेषज्ञ वा सम्पर्क व्यक्ति तोक्नेछ ।

(२) वातावरणमैत्री पूर्वाधार विकास तथा उन्नत ग्रामीण सडक निर्माण कार्यमा उक्त शाखाले निर्दिष्ट प्रावधानका साथै निम्न अनुसार कार्य गर्नेछ ः

(क) सबै ग्रामीण सडक आयोजनामा वातावरण व्यवस्थापन योजना लागू गर्ने,

(ख) वातावरण व्यवस्थापन योजनाले सिफारिस गरे बमोजिम वातावरण संरक्षण र जोखिम न्यूनीकरणका उपाय कार्यान्वयन गर्ने,

(ग) निर्माण कार्य हुँदै गर्दा र आयोजना सम्पन्न भैसकेपछि पनि वातावरणीय अनुगमन गर्ने,

(घ) मर्मत सम्भार कार्य गर्दा पनि वातावरणमैत्री पक्षलाई निरन्तरता दिन अनुगमन गर्ने,

(ङ) वातावरण व्यवस्थापन योजनाले सिफारिस गरे बमोजिम वातावरण संरक्षण र जोखिम न्यूनीकरणका उपाय कार्यान्वयन गर्दा पनि न्यूनीकरण हुन नसकेका प्रतिकुल प्रभावहरुको न्यूनीकरण गर्नका लागि न्यूनीकरणका थप उपायहरु सिफारिस तथा कार्यान्वयन गर्ने,

(च) ग्रामीण सडक निर्माण, सञ्चालन, मर्मत सम्भार वा बिस्तारका कार्यको वातावरणीय अनुगमन गर्दा वातावरण संरक्षण र जोखिम न्यूनीकरणका उपायको कार्यान्वयन प्रभावकारी हुन नसकेको वा प्रयाप्त नभएको पाईएमा, वातावरण संरक्षण र जोखिम न्यूनीकरणका थप उपायहरु सिफारिस तथा कार्यान्वयन गर्ने ।

## परिच्छेद ७ : सुपरिवेक्षण तथा अनुगमन सम्बन्धी व्यवस्था

**२१.सुपरिवेक्षण तथा अनुगमन गर्नु पर्ने :** नगरपालिकाले कार्यान्वयन गर्ने आयोजना तोकिएको गुणस्तर, परिमाण र समयमा सम्पन्न गर्न गराउन देहाय बमोजिम सुपरिवेक्षण तथा अनुगमनका कार्य गर्नु पर्नेछः

(क) सम्वन्धित आयोजनाका प्राविधिकले आयोजना अवधिमा कम्तीमा तीन पटक सुपरिवेक्षण गर्ने ।

(ख) नगरपालिकाको नीतिगत व्यवस्था अनुसार आयोजनाको नियमित अनुगमन गरी प्राप्त पृष्ठपोषणलाई कार्यान्वयन गर्ने ।

(ग) सम्बन्धित आयोजनाको असल अभ्यासहरुको अभिलेख राखी आगामी आयोजनामा लागू गर्ने ।

(घ) तेस्रो पक्षीय सहभागीतामुलक अनुगमन कार्यलाई प्रोत्साहन गर्ने ।

## परिच्छेद ८ : विविध

**२२. निर्देशिकाको पालना गर्नु पर्ने :** नगरपालिका भित्र ग्रामीण सडक निर्माण, सञ्चालन वा मर्मत सम्भार सम्बन्धी कार्य गर्दा कार्यपालिका, कार्यपालिकाको कार्यालय, उपभोक्ता समिति वा अन्य अनुवन्धित निर्माणकर्ताले यो निर्देशिकामा व्यवस्था भए बमोजिम ग्रामीण सडक डिजाईन, निर्माण, सञ्चालन वा मर्मत सम्भार गर्नु, गराउनु पर्नेछ ।

**२२. अधिकार प्रत्यायोजन :** नगरपालिकाले यस निर्देशिका बमोजिम आफूलाई प्राप्त अधिकार मध्ये आवश्यकता अनुसार केही अधिकार कुनै सदस्य, कार्यालय, वा कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

**२३. थपघट तथा हेरफेर :** (१) यो निर्देशिका आवश्यकता अनुसार कार्यपालिकाले संशोधन गर्न सक्नेछ ।

**२४. खारेजी तथा बचाउ :** यस निर्देशिकाको व्यवस्था नेपालको कानुनसंग बाझिएमा बाझिएको हदसम्म स्वतः खारेज हुनेछ ।

# अनुसूची १

## (दफा ६ को उपदफा (५) सँग सम्वन्धित)

नेपाल ग्रामीण सडक डिजाइन मापदण्ड २०५५ (दोश्रो संशोधन २०७१)

## ग्रामीण सडक डिजाईन मापदण्ड (Rural Road Design Standards)

| क्र. सं. | डिजाइन मापदण्ड | जिल्ला सडक सञ्जाल | | ग्रामीण सडक सञ्जाल | |
|---|---|---|---|---|---|
| | | पहाड | तराई | पहाड | तराई |
| १ | डिजाइन क्षमता - दुवै दिशा तर्फ गाडी प्रतिदिन /ट्राफिक (PCU) | २०० (४००) | ४०० (८००) | १०० (२००) | २०० (४००) |
| २ | डिजाईन गति (कि.मी. प्रति घण्टा) | रुलिङ्ग (Ruling) (२५)<br>न्यूनतम (Minimum) - २० | रुलिङ्ग (Ruling)-५०<br>न्यूनतम (Minimum)- ४० | १५ | ३० |
| ३ | जम्मा सडक अधिकार क्षेत्र (मि.) | २० | २० | १५ | १५ |
| ४ | सडकको चौडाई ( Formation Width) (मी) | ५.२५ | ६.७५ | ४ | ४.५ |
| ५ | वाहन पथको चौडाई (Carrigeway Width) (मी) | ३.७५ | ३.७५ | ३ | ३ |
| ६ | पेटीको चौडाई दुवै तर्फ (मी) | ०.७५ | १.५ | ०.५ | ०.७५ |
| ७ | सडकको सतह | ग्राभेल | ग्राभेल | | |
| ८ | मोडमा न्यूनतम अर्धव्यास (मी.) | रुलिङ्ग (Ruling)-२० <br>न्यूनतम (Minimum)- १२.५ | रुलिङ्ग (Ruling)-९०<br>न्यूनतम (Minimum)- ६० | १० | ३० |
| ९ | लम्बाई तर्फ अधिकतम औसत ढाल (Maximum Average Longitudinal Gradient %) | ७ | ५ | ७ | ५ |
| १० | अधिकतम ढाल (Maximum Longitudinal Gradient %) | १२ | ७ | १२ | ७ |
| १२ | अधिकतम औसत ढाल ७ % भन्दा बढीको अधिकतम ढालको लम्वाई (मी.) | ३०० | | ३०० | |
| १३ | पहाडी सडकमा लम्बाई तर्फको न्यूनतम ढाल (पानी निकासको लागि %) | ०.५ (अधिकतम १) | | ०.५ (अधिकतम १) | |

| | | | | | |
|---|---|---|---|---|---|
| १४ | पुलमा अधिकतम बाढीको सतहबाट चाहिने खाली उचाई (Free Board from HFL) (मी) | १ (०.५) | १ (०.५) | ०.५ | ०.५ |
| १६ | रोकिदा चाहिने अधिकतम दूरी (Minimum Stopping Distance) मी | २० | ४५ | १५ | ३० |
| १७ | बाहन पथको ढाल ग्रामीण माटे सडक (Cross slope in carriageway camber for rural earthen road %) | ५ | ५ | ५ | ५ |
| १८ | कल्भर्ट र पुलको बाहन पथ (मी) | ४.२५ | ४.२५ | ४.२५ | ४.२५ |
| १९ | ले वाई र पास दिने ठाउको साइज (मी मी) | ३*३० | ३*३० | ३*३० | ३*३० |
| २० | ले वाई र पास दिने ठाउँको फरक (मी) | ३०० | ५०० | ३०० | ५०० |

# अनुसूची २

## (दफा १३ को उपदफा (६) सँग सम्बन्धित)

ग्रामीण सडक मर्मत-संभार निर्देशिका २०६४ अनुसार विभिन्न सडकमा गरिने मर्मत-संभार क्रियाकलाप

<table>
<tr><th>मर्मतसंभारको प्रकार</th><th>कालो पत्रे सडक</th><th>खण्डास्मित सडक</th><th>माटे सडक</th></tr>
<tr><td>नियमित मर्मत -संभार</td><td colspan="3">सडक किनाराको ढलको सफाइ, कल्भर्ट सफाइ, पुलको सफाई, ढललाई सामान्य रुपमा फेरबदल गर्ने,<br>सडक सतह सफा गर्ने,<br>सडक किनाराको मर्मत सम्भार,<br>सडक सतह र छेउछाउमा उम्रेको घाँस र झारपात हटाउने,<br>सामान्य खालको पहिरो वा भूस्खलन हटाउने,<br>सडकमा राखिएका अन्य संरचनाको सफाई गर्ने,</td></tr>
<tr><td rowspan="2">पटके मर्मत - संभार</td><td colspan="3">नाली मर्मत कार्य<br>कल्भर्ट, सतह नाली मर्मत कार्य<br>सडक किनारा मर्मत कार्य<br>सडकमा राखिएका अन्य संरचनाको मर्मत कार्य</td></tr>
<tr><td>खाल्टा खुल्टी टाल्ने (Pot Hole Patching)<br>क्र्याक सिलिङ (Crack Sealing)<br>सडक किनारा मर्मत(Edge Repair)</td><td colspan="2">स्पट ग्राभेलिङ (Spot Gravelling)<br>ड्रयागिङ (Dragging)<br>ग्रेडिङ (Grading)</td></tr>
<tr><td>आवधिक मर्मत - संभार</td><td>फग सिल (Fogseal)<br>स्लरी सिल (Slurry Seal)<br>सतह ड्रेसिङ (Surface Dressing)<br>स्याण्ड सिल (Sand Seal)<br>थिन ओभरले (Thin Overlay)<br>सडक किनाराको पुनः खण्डास्मित (Regravelling of Shoulders)<br>सडक चिन्ह तथा रंगरोगन कार्य (Road Markings)</td><td>सडक पुनः ग्राभेलिङ (Regravelling)</td><td></td></tr>
<tr><td>आकस्मिक मर्मत-संभार</td><td colspan="3">आकस्मिक ट्राफिक सञ्चालन व्यवस्थापन<br>पहिरो / बाढी हटाई अवरुद्ध सडक खोल्ने कार्य</td></tr>
</table>

| | |
|---|---|
| | भत्केको इम्बान्कमेण्ट (Embankment) तथा कट स्लोप (Cut Slope) मर्मत कार्य<br>डाईभर्सन निर्माण<br>पुल पुलेसाको आकस्मिक मर्मत -संभार |
| रोकथाममूलक मर्मत-सम्भार | सडकको भिरालोपना काटेर मिलाउने (Slope Stabilization)<br>नदी नियन्त्रण संरचनाहरुको संभार कार्य<br>झुण्डिएको पहरा/चट्टान हटाउने<br>जैविक प्रविधि (Bio-Engineering Works) तथा यसको मर्मत-संभार |